स्थानीय तहको योजना तथा बजेट तर्जुमा र कार्यान्वयन

हाते पुस्तिका

Canada

ceci
CHANGES LIVES

FREEDOM FORUM
"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

Sustainable use of Technology for Public Sector Accountability in Nepal (SUSASAN) परियोजना क्यानाडा सरकारको ग्लोबल अफेयर्स क्यानाडाको आर्थिक सहयोगमा अन्तर्राष्ट्रिय अध्ययन तथा सहयोग केन्द्र- सेसीले फ्रिडम फोरम र योङ्ग ईन्नोभेसन्ससँगको साझेदारीमा नेपालका ६ जिल्लाका स्थानीय साझेदार संस्थाहरु मार्फत् त्यहाँका १२ वटा स्थानीय सरकारहरु (नगरपालिका र गाउँपालिक)मा कार्यान्वयन गरिरहेको छ ।

स्थानीय तहको योजना तथा बजेट तर्जुमा र कार्यान्वयन

हाते पुस्तिका

फ्रिडम फोरम
थापाथली, काठमाडौं, नेपाल
पोष्ट बक्स: २४२९२
फोन: ४१०२०३०/४१०२०२२
इमेल: info@freedomforum.org.np
www.freedomforum.org.np
टोल फ्रि नं: १६६००१०२०२२

भूमिकाः

नेपालको संविधानले राज्यका तीन तह-संघ, प्रदेश र स्थानीय तहको व्यवस्था गरेको छ । तीनै तहमा सरकार, विधायिका र न्यायपालिकाका संरचनागत प्रणाली पनि सिर्जना गरिएको छ। संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारहरु र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारको व्यवस्था छन्। सो को कार्यान्वयनका लागि मुलुकभरी ७ सय ५३ पालिकाहरु सिर्जना गरिएका छन् । ती पालिकाहरुमा निर्वाचित कार्यपालिकाको व्यवस्था छ। जसलाई स्थानीय सरकार भनिन्छ।

ती सरकारहरुले आफ्नो पालिकाका लागि नीति, योजना र बजेट बनाउने र कार्यान्वयन गर्ने जिम्मेवारी पाएका छन्। सो जिम्मेवारी कार्यान्वयन गर्दा अधिकतम पारदर्शी, जवाफदेही र उत्तरदायी हुनुपर्ने तथा नागरिक सहभागितालाई अधिकतम प्रवर्द्धन गर्नुपर्ने हुन्छ।

यसै सन्दर्भमा, स्थानीय तहले आफ्नो वार्षिक विकास योजना निर्माण गर्दा सामान्यतया वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन बमोजिम निश्चित विधिलाई आधार बनाउने गर्दछ । राष्ट्रिय योजना आयोगले सबै स्थानीय तहका लागि यस्तो दिग्दर्शनको नमूना तयार गरी उपलब्ध गराएको छ। आयोगले उपलब्ध गराएको त्यही नमूनाको उपयोग गरी स्थानीय तहहरुले आफ्नो छुट्टै दिग्दर्शन बनाउन सक्छन् । योजना तर्जुमाका चरणहरुलाई निम्न रुपमा बुझ्न सकिन्छ।

(यो हाते पुस्तिका राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमुना), २०७५ का आधारमा तयार पारिएको हो ।)

स्थानीय तहका योजना तथा बजेट तर्जुमाका चरणहरू

चरण १	बजेटको पुर्व तयारी	
	आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण सङ्घीय नेपाल सरकारमा पेश गर्ने ।	पुस मसान्त भित्र
चरण २	सङ्घ र प्रदेशबाट वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन प्राप्त गर्ने ।	
	क) सङ्घबाट	फागुन मसान्त भित्र
	ख) प्रदेशबाट	चैत मसान्त भित्र
चरण ३	विषयगत क्षेत्र छुट्याउने	
	स्रोत अनुमान तथा बजेट सीमा निर्धारण स्थानीय राजस्व परामर्श समितिले सम्बन्धित स्थानीय तहको कार्यपालिकामा राजस्व प्रक्षेपण गरी पेश गरिसक्नु पर्ने ।	पुस १५ गते भित्र
	स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आफ्नो तहको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्पन्न गरिसक्नु पर्ने ।	वैशाख १० गते भित्र
चरण ४	आगामी आर्थिक वर्षको बजेट सीमा विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई पठाउने	वैशाख १५ भित्र

चरण ५	वडास्तरीय योजना तर्जुमा र प्राथमिकता निर्धारण	जेठ १५ भित्र
चरण ६	एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा	जेठ मसान्त भित्र
चरण ७	कार्यपालिकाबाट स्वीकृत	असार ५ भित्र
चरण ८	गाउँ वा नगर सभामा पेश (सभामा कम्तिका १५ दिन सभाका सदस्यहरूबाट छलफल)	असार १० भित्र
चरण ९	बजेट तथा कार्यक्रम सम्बन्धित सभाबाट स्वीकृति	असार मसान्त भित्र
चरण १०	सर्वसाधारणको जानकारीका लागि बजेट तथा कार्यक्रम प्रकाशन गर्ने	साउन १५ भित्र

चरण १. आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण नेपाल सरकारमा पेश गर्नेः पुस मसान्त भित्र

गाउँपालिका र नगरपालिकाले आगामी आर्थिक वर्षको आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण राजस्व परामर्श समिति, बजेट तथा स्रोत अनुमान समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय गरी प्रत्येक वर्षको पुस मसान्त भित्र नेपाल सरकार, अर्थ मन्त्रालय तथा प्रादेशिक अर्थ मन्त्रालय समक्ष देहायका विवरणहरु पेश गर्नु पर्नेछ ।

- व्ययको अनुमान,
- आफ्नो स्रोतबाट सङ्कलन हुन सक्ने अनुमानित राजस्व,
- राजस्व बाँडफाँटबाट प्राप्त हुन सक्ने अनुमानित रकम,
- वित्तीय हस्तान्तरण अनुदानबाट प्राप्त हुन सक्ने अनुमानित रकम ।

चरण २. सङ्घ र प्रदेशबाट वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन प्राप्त गर्ने : फागुन र चैत मसान्त भित्र

सङ्घीय सरकारबाट राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदान वापत स्थानीय तहलाई आगामी आर्थिक वर्षमा उपलब्ध हुने स्रोतको विवरण फागुन मसान्तभित्र तथा प्रदेश सरकारबाट स्थानीय तहका लागि आगामी आर्थिक वर्षमा प्राप्त हुने वित्तीय अनुदानको अनुमानित विवरण चैत मसान्तभित्र प्राप्त गरिसक्नु पर्नेछ ।

क) सङ्घबाट

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा नेपाल सरकारको व्यय अनुमानको विवरणको अनुदान रकम स्थानीय सञ्चित कोषमा हस्तान्तरण गर्ने व्यवस्था भए अनुरुप सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा साउन १ गते, मङ्सिर १ गते र चैत १ गते गरी ३ किस्तामा हस्तान्तरण रकम दाखिला गर्नु पर्नेछ ।

नेपाल सरकारले स्थानीय तहका लागि ४ प्रकारका अनुदान प्रदान गर्दछ :

१. वित्तीय समानीकरण अनुदानः नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

२. सःशर्त अनुदानः नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सःशर्त अनुदान प्रदान गर्नेछ ।

३. समपूरक अनुदानः नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

४. विशेष अनुदानः नेपाल सरकारले कुनै उद्देश्य राखी प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछ ।

ख) प्रदेशबाट

सङ्घबाट जस्तै सम्बन्धित प्रदेश सरकारले पनि चार प्रकारका अनुदानहरु वित्तीय समानीकरण, सःशर्त, समपूरक र विशेष अनुदानहरु स्थानीय तहलाई प्रदान गर्दछ । प्रदेश सरकारले स्थानीय तहलाई आफ्नो प्रदेशको विनियोजन कानून बमोजिम उक्त अनुदानहरु प्रदान गर्दछ । प्रत्येक प्रदेशको प्रदेश सभाले हरेक आर्थिक वर्षको बजेट अन्तर्गत बनाउने विनियोजन ऐनका मापदण्डहरु सम्बन्धित प्रदेशका स्थानीय तहका लागि लागू हुन्छन् ।

जस्तैः प्रदेश ३ को आ.व. २०७६/७७ को विनियोजन ऐन अनुसार प्रदेश सरकारले आफ्ना मातहतका सबै स्थानीय तहहरुलाई दिइने अनुदानहरु निम्न अनुसार प्रदान गर्ने व्यवस्था गरेको छ :

वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक वर्षको साउन ३० गते, कार्तिक ३० गते, माघ ३० गते र वैशाख ३० गते गरी चार किस्तामा प्रदान गर्दछ ।

वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १५ गते, माघ १५ गते, चैत १५ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन २५ गते भित्र पेश गर्नु गर्दछ ।

सःशर्त अनुदान अन्तर्गत पहिचान भैसकेका कार्यक्रमहरुको रकमको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भदौ १० गते, मङ्सिर १५, फागुन १५ र वैशाख ३० गते दाखिला गर्नु पर्दछ ।

सःशर्त अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको मङ्सिर १ गते, फागुन १ गते, वैशाख १५ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन २५ गते भित्र पेश गर्नु पर्नेछ ।

समपुरक र विशेष अनुदान प्राप्त गर्ने स्थानीय तहले प्रदेशले दिएको सीमाभित्र रही ७ क्षेत्रहरु (शिक्षा, स्वास्थ्य, खानेपानी, बैंक, सडक, विद्युतीकरण, कार्यपालिका भवन)का योजनाहरु माग गर्नु पर्दछ । समपुरक र विशेष अनुदान बाँडफाँट गर्न आयोजना/कार्यक्रम प्रस्ताव आह्वान गर्ने सूचना प्रदेश सरकारले प्रकाशित गर्दछ । यसका बारेमा जानकारी राखी योजनाहरुको माग गर्नु पर्दछ । सो मागका आधारमा प्रदेश सरकारले आफ्नो बजेटले सक्ने हैसियतमा अनुदान दिन्छ ।

प्रदेश सरकारबाट विभिन्न अनुदान प्राप्त गर्ने कार्यविधि सोही प्रदेशको विनियोजन ऐन अनुसार हुन्छ ।

चरण ३(क). स्थानीय तहको योजनाको विषयगत क्षेत्र छुट्याउने:

गाउँ वा नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरुलाई निम्न अनुसार विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरुलाई विषय क्षेत्रगत जिम्मेवारी दिनु पर्दछ।

(क) आर्थिक विकासः यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय जस्ता क्षेत्र समावेश गर्ने ।

(ख) सामाजिक विकासः शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारु, अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने ।

(ग) पूर्वाधार विकासः सडक तथा पुल (झोलुङ्गे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार जस्ता क्षेत्र समावेश गर्ने ।

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापनः वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन,

जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने ।

(ङ) सुशासन तथा संस्थागत विकासः मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्योट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने ।

विषयगत समितिमा देहाय बमोजिम प्रत्येक क्षेत्रहरुमा सदस्य रहने छन् :-

(१) विषय क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य - संयोजक

(२) कार्यपालिकाले तोकेका कम्तिमा एक जना महिला सहित २ जना कार्यपालिका सदस्य - सदस्य

(३) सम्बन्धित विभाग/महाशाखा/शाखा प्रमुख - सदस्य सचिव

चरण ३(ख). स्रोत अनुमान तथा बजेट सीमा निर्धारण: पुस १५ गते र वैशाख १० गते भित्र

(क) स्थानीय राजस्व परामर्श समितिले सम्बन्धित स्थानीय तहको कार्यपालिकामा राजस्व प्रक्षेपण गरी पुस १५ गते भित्र पेश गरिसक्नु पर्ने ।

स्थानीय राजस्व परामर्श समिति

गाउँपालिका वा नगरपालिकामा राजस्व सम्बन्धी परामर्शका लागि एक स्थानीय राजस्व परामर्श समिति रहनेछ :

(क) उपाध्यक्ष वा उपप्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना - सदस्य

(घ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यताप्राप्त संस्थाको नगर वा गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(च) कार्यपालिकाको राजस्व महाशाखा, विभाग वा शाखा प्रमुख - सदस्य-सचिव

राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने,

(ख) राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने,

(ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,

(घ) स्थानीय उद्योग तथा व्यवसाय प्रबर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने,

(ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने,

(ख) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले स्थानीय तहको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण **वैशाख १० गते** भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

गाउँपालिका तथा नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहनेछ ।

(क) अध्यक्ष वा प्रमुख - संयोजक

(ख) उपाध्यक्ष वा उपप्रमुख - सदस्य

(ग) कार्यपालिकाका सदस्यहरुमध्ये महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेका चार जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य-सचिव

समितिले आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम, कर्तव्य र अधिकार

(क) आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने,

(ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने,

(ग) आगामी आर्थिक वर्षका लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने,

(घ) विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने,

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तय गर्ने,

चरण ४. आगामी आर्थिक वर्षको बजेट सीमा विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई पठाउने: वैशाख १५ गतेभित्र

आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक **वैशाख १५** गतेभित्र **प्रमुख प्रशासकीय अधिकृत**ले गाउँपालिका वा नगरपालिकाका विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेछ । साथै प्राप्त बजेटको सीमाभित्र रही विषयगत महाशाखा, शाखा तथा वडा समितिले गाउँपालिका वा नगरपालिकाको योजना, आयोजना/कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

स्थानीय तहको योजना तर्जुमाका ७ चरणहरू निम्न बमोजिम छन्

चरण	काम	समय
१	स्रोत अनुमान तथा बजेट सीमा निर्धारण	वैशाख १० गते भित्र
२	आगामी आर्थिक वर्षको बजेट सीमा विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई पठाउने	वैशाख १५ गते भित्र
३	वडास्तरीय योजना तर्जुमा र प्राथमिकता निर्धारण	जेठ १५ गते भित्र
४	एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा	जेठ मसान्त भित्र
५	कार्यपालिकाबाट स्वीकृत	असार ५ गते भित्र
६	गाउँ वा नगर सभामा पेश (सभामा कम्तिका १५ दिन सभाका सदस्यहरूबाट छलफल)	असार १० गते भित्र
७	बजेट तथा कार्यक्रम सम्बन्धित सभाबाट स्वीकृति	असार मसान्त भित्र

चरण ५. वडास्तरीय योजना तर्जुमा र प्राथमिकता निर्धारणः जेठ १५ भित्र

बस्ती तथा टोल स्तरमा कार्यक्रम बारे छलफल गर्दा दिगो विकास लक्ष प्राप्त गर्न मद्दत गर्ने कार्यक्रमबारे छलफल गर्नु पर्दछ । बस्ती/टोल स्तरका आयोजनाहरु छनौट गर्दा निम्न प्रक्रिया अवलम्बन गर्नु पर्दछ ।

- वडालाई बस्ती स्तरमा विभाजन गरी वडा सदस्यको संयोजनमा योजना छनौट गोष्ठी गर्न जिम्मेवारी प्रदान गर्ने।
- वडाले सबै बस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्ने ।
- बालबालिका, महिला, युवा, वृद्ध, आदिवासी र जनजाति, मधेशी, दलित, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, पिछडावर्ग लगायत सो टोलमा रहेका सबै समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गराउने ।
- नागरिक समाजका संस्थाहरु, महिला/आमा समूहहरु, बाल क्लबहरु, स्थानीय गैर सरकारी एवं सामुदायिक संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु एवं समजसेवी र सक्रिय नागरिक अगुवा आदिको सक्रिय सहभागिता हुने अवस्था बनाउने ।
- छलफलबाट आएका माग र सुझावहरु सङ्कलन गर्ने ।
- सहमति देखिएका कार्यक्रमहरुको अभिलेखीकरण गर्ने ।

- बस्तीस्तरको छलफलबाट छनौट भएका कार्यक्रमहरुको सूची तयार गरी वडा समितिमा पेश गर्ने ।

वडा समितिबाट आयोजना/कार्यक्रम प्राथमिकीकरण

- टोल/बस्तीस्तरबाट प्राप्त आयोजना/कार्यक्रमहरुको विषय, क्षेत्र छुट्याउने,
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले उपलब्ध गराएको आयोजनाको प्राथमिकीकरणका मापदण्डको आधार बमोजिम प्राथमिकीकरण गर्ने,
- निर्धारित फारामहरु प्रयोग गरी आयोजनाको प्राथमिकीकरण गर्ने र विवरण तयार गरी गाउँ वा नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाउने,
- दुई वा सोभन्दा बढी वडा समेटिने महत्वपूर्ण आयोजना र कार्यक्रमहरु तथा वडाको बजेटले नपुग्ने खालका आयोजनाहरु समावेश गर्नु पर्ने भएमा औचित्य खुलाई छुट्टै सूची तयार गरी गाउँ वा नगरपालिकाको कार्यपालिकामा पठाउने ।

बजेट तथा कार्यक्रम तर्जुमा समितिको गठन

स्रोत अनुगमन तथा बजेट सिमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण, वितरणको खाँका र बजेट सीमामा आधारित भै स्थानीय तहको बर्षिक बजेट तथा कार्यक्रम तर्जुमा

गर्न देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने हुन्छः

क) उपाध्यक्ष वा उपप्रमुख

ख) बिषयगत क्षेत्र हेर्ने गाउँ वा नगर कार्यपालिकाका सदस्यहरु

ग) प्रमुख प्रसासकिय अधिकृत

घ) योजना महाशाखा, विभाग वा शाखा प्रमुख

यस समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने,

ख) स्रोत अनुगमन तथा बजेट सीमा निर्धारण समितिले दिएको बजेट सिमा भित्र रही बजेट तथा कर्यक्रमको प्राथमिकीकरण गर्ने,

ग) बजेट तथा कार्यक्रमको प्रस्तावलाई बिषय क्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरि कार्यपालिकामा पेस गर्ने,

घ) योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रमबीच आपसी तादम्यता तथा परिपुरकता कायम गर्ने,

ङ) बजेट तथा कार्यक्रम सम्बन्धी स्थानीय तहको आवश्यकता बमोजिम अन्य कार्यहरु गर्ने ।

दिगो विकास लक्षहरु

१. गरिबीको अन्त्यः सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने,
२. शून्य भोकमरीः भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रबर्द्धन गर्ने,
३. आरोग्यता तथा कल्याणः स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको कल्याणको प्रबर्द्धन गर्ने,
४. गुणस्तरीय शिक्षाः सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाईलाई प्रबर्द्धन गर्ने,
५. लैङ्गिक समानताः लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने,
६. सफा पानी तथा सरसफाईः सबैका लागि सफा पानी तथा सरसफाईमा पहुँच सुनिश्चित गर्ने,
७. खर्चले धान्न सक्ने स्वच्छ ऊर्जाः सबैका लागि खर्चले धान्न सक्ने, भरपर्दो, दिगो तथा आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने,
८. मर्यादित काम तथा आर्थिक वृद्धिः सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रबर्द्धन गर्ने,

९. उद्योग, नवीन खोज र पूर्वाधारः बलियो पूर्वाधार निर्माण गर्ने, औद्योगिकीकरणलाई दिगो बनाउने तथा नवीन खोजलाई प्रोत्साहन गर्ने,
१०. न्यून असमानताः देशभित्रै वा देशहरूबीच रहेको असमानतालाई न्यून गर्ने,
११. दिगो शहर र समुदायहरूः शहरहरूलाई समावेशी, सुरक्षित, सबल र दिगो बनाउने,
१२. जिम्मेवारपूर्ण उपभोग तथा उत्पादनः दिगो उपभोग तथा उत्पादनको ढाँचा सुनिश्चित गर्ने,
१३. जलवायु सम्बन्धी कारबाहीः जलवायु परिवर्तन तथा यसका प्रभावहरूविरुद्ध लड्न तत्काल कारबाही थाल्ने,
१४. जलमुनिको जीवनः समुद्र, महासागर र समुद्री स्रोतहरूको संरक्षण तथा दिगो प्रयोग गर्ने,
१५. जमिनमाथिको जीवनः वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने,
१६. शान्ति, न्याय र सशक्त संस्थाहरूः न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरूको प्रबर्द्धन गर्ने,
१७. यी लक्षका लागि साझेदारीः दिगो विकासका लागि विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने ।

सुझावः कम्तीमा १५ दिन बजेट तथा कार्यक्रममा छलफल गर्नु पर्नेछ । बस्ती तथा टोल स्तरमा कार्यक्रम बारे छलफल तथा वडा समितिबाट आयोजना/कार्यक्रम प्राथमिकीकरण हुने समय अत्यन्त छोटो (१५ दिन मात्र) भएकाले समयमै आफ्नो टोलको योजनाबारे टोल भेलामा सहभागी भै जानकारी राखौं र आफ्ना माग तथा सुझावहरु राखौं ।

चरण ६. कार्यपालिकाको एकीकृत बजेट तथा कार्यक्रम तर्जुमाः जेठ मसान्त भित्र

विषयगत रुपमा प्राथमिकीकरण सहित पेश भएका योजनाहरुलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले कार्यक्रममा दोहोरो नपर्ने गरी जेठ मसान्त भित्र बजेट तर्जुमा गर्नु पर्नेछ ।

चरण ७. गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृतिः असार ५ भित्र

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको योजना, कार्यक्रम तथा बजेटमाथि कार्यपालिका बैठकमा छलफल गरी निर्धारित बजेट सीमा र मार्गदर्शन अनुरुप भए नभएको यकिन गरी कुनै विषयवस्तु छुटेको भए सो समेत समावेश गरी कार्यक्रमलाई अन्तिम रुप दिई कार्यपालिकाबाट स्वीकृत गर्नु पर्दछ । कार्यपालिकाले वार्षिक कार्यक्रम तथा बजेट सभामा पेश गर्दा गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आम्दानी र खर्चको संशोधित

अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण समेत खुलाउनु पर्दछ ।

स्थानीय तहका प्रमुख आठ बजेट दस्तावेजहरूको जानकारी

दस्तावेज	व्याख्या
पुर्व बजेट विवरण	• आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क • सङ्घ र प्रदेशबाट वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शनहरू • स्रोत अनुमान तथा बजेट सीमा निर्धारणका दस्तावेजहरू • आर्थिक वर्षको बजेट सीमा विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई पठाएका दस्तावेजहरू • वडास्तरीय योजना तर्जुमा र प्राथमिकता निर्धारण
कार्यकारीको बजेट प्रस्ताव	• गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, • चालु आर्थिक वर्षको संशोधित अनुमान • आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम, आय-व्ययको अनुमानित विवरण • मध्यमकालीन खर्च संरचना समेतको विवरण
अनुमोदित बजेट	• स्थानीय सरकारको नीति तथा कार्यक्रम • आर्थिक विधेयक (आगामी वर्षको लागि प्रस्तावित राजस्व करका दरहरू) • विनियोजन विधेयक (संचित कोषबाट रकम झिक्ने र कार्यक्रमगत तथा शीर्षकगत खर्च सम्बन्धी) • बजेट वक्तव्य (गत आ.व. को यथार्थ, चालु आ.व. को संशोधित अनुमान र आगामी आ.व. को अनुमानित आयव्ययको विवरण सहित) • वार्षिक विकास कार्यक्रम (क्षेत्रगत रूपमा विस्तृत कार्यक्रमको सुची तथा सोमा प्रस्तावित रकम)

नागरिक बजेट	**बजेटका दस्तावेजहरु जस्तै:** • योजना कार्यक्रम र बजेट सम्बन्धी सरल प्रस्तुति • बजेट कार्यान्वयन विधिहरूको सरल प्रस्तुति • विषयगत बजेट केन्द्रित सरल प्रस्तुति
आवधिक प्रतिवेदन	• यसले वास्तविक आम्दानी र खर्च (चौमासिक) प्रवृत्ति मापन गर्दछ जसबाट बजेटका अंकहरूको तुलना र आवश्यक परिमार्जनका लागि सहयोग पुग्छ
मध्यावधी समीक्षा	• आर्थिक वर्षको मध्यमा गरिने बजेटको वित्तीय मूल्याङ्कन र सो आधारमा अनुमानहरुमा कुनै परिवर्तन भएको छ भने तिनको विश्लेषण
वार्षिक प्रतिवेदन	• स्वीकृत बजेट र त्यसमा आधारित रहेर गरिने बजेट कार्यान्वयनको यथार्थ अवस्थाको तुलनात्मक जानकारी
लेखापरीक्षण प्रतिवेदन	• महालेखा परीक्षकको कार्यालयले गर्ने स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनको जानकारी

चरण ८. बजेट तथा कार्यक्रम सभामा पेशः असार १० भित्र

कार्यपालिकाबाट स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट असार १० गतेभित्र उपाध्यक्ष र उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यले सभा समक्ष पेश गर्नु पर्दछ ।

सुझावः माथि उल्लेखित विभिन्न चरणहरुमा स्थानीय नागरिकहरुले जानकारीहरु माग गर्नुहोला । यसबारे थाहा पाउन वेभसाइट, तथ्याङ्क (डाटा) पोर्टलहरु हेर्ने, टेक्नो हब भ्रमण गर्नुहोला । र, माथि उल्लेखित विभिन्न चरणहरुमा सक्रिय सहभागी हुनुहोला । यसका साथै आफ्ना माग र सुझावहरु पनि दिनुहोला ।

चरण ९. बजेट तथा कार्यक्रम सम्बन्धित सभाबाट स्वीकृतिः असार मसान्त भित्र

सभाले कार्यपालिकाबाट पेश भएको कार्यक्रम तथा बजेट माथि कार्यतालिका बनाई १५ दिनभित्र छलफल सम्पन्न गरिसक्नु पर्नेछ । छलफल सम्पन्न भएपछि सभाले कार्यक्रम तथा बजेट पारित गर्नेछ । पारित नगरी सुझाव सहित कार्यपालिका तथा विषयगत समितिमा पठाउन पनि सक्नेछ । सुझाव सहित प्राप्त भएको अवस्थामा बजेट उपर कार्यपालिकाले पुनर्विचार गरी आवश्यक परिमार्जन गरी वा नगरी ५ दिनभित्र पुनः सभामा पेश गर्नु पर्नेछ । सभाले पेश भएको बजेट तथा कार्यक्रम असार मसान्तभित्र पारित गरिसक्नु पर्दछ ।

चरण १०. बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गर्नुपर्नेः साउन १५ भित्र

सभाबाट पारित भएको वार्षिक योजना तथा कार्यक्रम तथा बजेट दस्तावेजहरु सरोकारवाला तथा सर्वसाधारण सबैको जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यालयले सूचना पाटी, वेभसाइट, स्थानीय सञ्चार माध्यम आदि माध्यमहरु प्रयोग गरेर सार्वजनिकीकरण गर्नु पर्दछ । बजेट सूचना र तथ्याङ्क भएका दस्तावेजलाई सर्वसाधारणले बुझ्न सकिने गरी सरल बनाई नागरिक बजेटका रुपमा पनि प्रकाशन गर्न सकिन्छ ।

चरण ११. योजना कार्यान्वयन

(क) गाउँ वा नगरसभाले पारित गरेको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित गाउँ वा नगर कार्यपालिकाका प्रमुख वा अध्यक्षले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्दछ ।

(ख) अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले तोकिए बमोजिमको ढाँचामा कार्यक्रम स्वीकृत गरी सम्बन्धित विभाग/महाशाखा/शाखा/इकाइ प्रमुख र वडा सचिवलाई लिखित रुपमा योजना कार्यान्वयनको जिम्मेवारी दिनु पर्नेछ ।

(ग) योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र सम्बन्धित विभाग/महाशाखा/शाखा/इकाइ प्रमुख र वडा सचिवले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(घ) विभाग/महाशाखा/शाखा/इकाइ प्रमुख र वडा सचिवबाट पेश भएको कार्यान्वयन कार्ययोजनामा प्राविधिक क्षमता, योजनाको संवेदनशीलता, कार्यान्वयन प्राथामिकीकरण, नगद प्रवाहको अवस्था समेतको आधारमा कुनै संशोधन गर्नु पर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले सुझाव दिन सक्नेछ । यसरी प्राप्त भएको सुझाव समेतको आधारमा पालिकाहरुले कार्यान्वयन कार्ययोजनामा संशोधन गरी ५ दिन भित्र पुनः पेश गर्नु पर्नेछ ।

(ङ) सबै विभाग/महाशाखा/शाखा/इकाइ प्रमुख र वडा सचिवबाट प्राप्त कार्य योजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकत्रित गरी एकीकृत कार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

योजना कार्यान्वयन विधि

स्थानीय सरकार सञ्चालन ऐन-२०७४, सार्वजनिक खरिद ऐन-२०६३, खरिद नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र स्थानीय तहहरुले संविधान तथा अन्य प्रचलित कानूनको अधिकारक्षेत्रभित्र रही निर्माण गरेका सङ्घीय तथा प्रादेशिक ऐन नियम अनुसार कार्यान्वयन गर्नु पर्नेछ । गाउँपालिका वा नगरपालिकाले आर्थिक वर्ष शुरु भएको एक महिनाभित्र आफ्नो वार्षिक खरिद योजना र गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नु पर्नेछ ।

चरण १२. अनुगमन तथा सुपरीवेक्षण

क) अनुगमन तथा सुपरीवेक्षण समितिको गठन

गाउँपालिका वा नगरपालिकाबाट सञ्चालित योजनाको लागत, परिमाण, समयसीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनका लागि निम्न अनुसारको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नु पर्नेछ ।

(क) उपाध्यक्ष वा उपप्रमुख - संयोजक

(ख) अध्यक्ष वा प्रमुखले तोकेका एक जना महिलासहित कार्यपालिकाका सदस्यहरु मध्येबाट दुई जना सदस्य - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) प्रमुख, योजना विभाग/महाशाखा/शाखा र इकाइ सदस्य - सचिव

उक्त समितिमा आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

ख) अनुगमन तथा सुपरीवेक्षण विधिः

(क) कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरीवेक्षण समितिले वार्षिक अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(ख) अनुगमन तथा सुपरीवेक्षण समितिले गरेको कामको लिखित प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्नु पर्नेछ ।

(ग) कार्यपालिकाले अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन समेतको आधारमा योजना कार्यान्वयनमा देखिएका त्रुटिहरु सच्याउन तथा समय र गुणस्तर कायम गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता, तथा कर्मचारी) लाई आवश्यक निर्देशन दिनु पर्नेछ । अनुगमन तथा सुपरीवेक्षण समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित पक्षको जिम्मेवारी हुनेछ ।

ग) वडास्तरीय अनुगमन समिति

वडाभित्र सञ्चालित योजनाको लागत, परिमाण, समयसीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनका लागि निम्न अनुसारको वडास्तरीय अनुगमन समिति गठन गर्नु पर्नेछ ।

(क) सम्वन्धित वडाको वडाध्यक्ष - संयोजक

(ख) वडा सदस्यहरु - सदस्य

(ग) वडा सचिव - सदस्य सचिव

उक्त समितिमा आवश्यकता अनुसार अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ । समितिले अनुगमन गर्दा देखिएका विषयका सम्बन्धमा कार्यपालिका तहको अनुगमन तथा सुपरीवेक्षण समितिलाई नियमित रुपमा जानकारी गराउनु पर्नेछ ।

अनुगमनको आन्तरिक प्रतिवेदन प्रणाली (नमुना)

अनुगमनको किसिम	कसले गर्ने	प्रतिवेदन गर्ने निकाय	समय
आयोजना तथा कार्यक्रमको नियमित अनुगमन	सम्बन्धित प्राविधिक/ कर्मचारी/परामर्शदाता	गाउँपालिका /नगरपालिका	नियमित
• आयोजना तथा कार्यक्रमको नियमित अनुगमन • गैरसरकारी सङ्घसंस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घसंस्थाको संयुक्त अनुगमन	अनुगमन समिति (उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा गठित समिति)	सम्बन्धित कार्यपालिका	मासिक चौमासिक र वार्षिक
स्थानीय तहको विकास निर्माण कार्यको अनुगमन	जिल्ला समन्वय समिति (जि.स.स)	जि.स.स. बैठक	चौमासिक र वार्षिक
प्रदेश कानुन बमोजिम सञ्चालित कार्यक्रम अनुगमन	प्रदेश तहका निकाय	सम्बन्धित प्रदेश	वार्षिक

चरण १३. योजनाको भुक्तानी प्रक्रिया

गाउँपालिका वा नगरपालिकाबाट सञ्चालित योजनाको कार्यसम्पन्न प्रतिवेदन, प्राविधिक प्रतिवेदन, रनिङ्ग बिल, आवश्यक बिल भरपाई, सार्वजनिक परीक्षण प्रतिवेदन र नियमानुसार पेश गर्नुपर्ने अन्य आवश्यक कागजात (जस्तैः काम सम्पन्न भएको निर्णय, वडा अध्यक्षको रोहवरमा अनुगमन समितिको निर्णय, वडा कार्यालयको सिफारिस, रकम भुक्तानीका लागि सिफारिस, ५० हजारभन्दा माथिको योजनाको लागि खाता खोलेको खाता नम्बर, योजनाको नाम लेखेको छाप आदि) का आधारमा रकम भुक्तानी गर्नु पर्दछ।

चरण १४. स्थानीय तहको आन्तरिक प्रतिवेदन

आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र (असोज मसान्तसम्ममा) स्थानीय तहले आफ्नो आन्तरिक आर्थिक प्रतिवेदन बनाइसक्नु पर्नेछ। सो प्रतिवेदन जिल्लास्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय र प्रदेशस्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय समक्ष पेश गर्नु पर्दछ ।

चरण १५. लेखापरीक्षण प्रतिवेदन

हरेक स्थानीय तहले पछिल्लो आर्थिक वर्षको प्रतिवेदन आगामी वर्षको मङ्सिर मसान्तभित्र जिल्लास्थित कोष तथा लेखा नियन्त्रक मार्फत् महालेखा नियन्त्रक कार्यालयमा पेश गरी सक्नु पर्नेछ।

चरण १६. लेखापरीक्षण

स्थानीय तहको अन्तिम लेखापरीक्षण संवैधानिक निकायका रुपमा रहेको महालेखा परीक्षकको कार्यालयबाट हुन्छ । सो कार्यालयले जारी गर्ने 'स्थानीय तहको लेखापरीक्षणसम्बन्धी निर्देशिका' बमोजिम लेखापरीक्षण हुन्छ । सोको प्रतिवेदन चैत मसान्तभित्र राष्ट्रपति समक्ष प्रस्तुत गरिन्छ । र, सो कार्यालयले आफ्नो निकायको मात्र एकल प्रतिवेदन पनि तयार गरी सम्बन्धित निकायलाई वैशाखभित्र पठाउँछ । प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित कार्यालयले सो प्रतिवेदनले औँल्याएको अवस्थाबारे छलफल गर्नु पर्दछ र दिइएका सिफारिसहरु कार्यान्वयन गर्नु पर्दछ । साथै प्रतिवेदन छलफलका लागि सार्वजनिकीकरण गर्नु पर्दछ ।

महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षण प्रतिवेदन र आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतमा छलफल गरी सोको अनुगमन गर्न प्रत्येक स्थानीय तहमा लेखा समिति गठन गरिनु पर्दछ । लेखा समितिले ती प्रतिवेदन लगायत सार्वजनिक वित्त व्यवस्थापन र बजेट कार्यान्वयनका विभिन्न चरणमा हुने हरेक गतितिधिको अनुगमन गर्न सक्छ र वित्तीय अनुशासनका लागि आवश्यक नियन्त्रणको भूमिका पनि खेल्न सक्दछ ।

योजना तर्जुमा र कार्यन्वयन सम्बन्धी कानूनी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाहरुले योजना तथा कार्यन्वयन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गरेको छ। ऐनको परिच्छेद ६ को दफा २४, २५ र २६ मा यस सम्बन्धी सैदान्तिक व्यवस्थाहरु छन्। दफा २४ को उपदफा १ देखि १० सम्म योजना सम्बन्धी कानूनी व्यवस्थाहरु समेटिएका छन्। जुन यहाँ प्रस्तुत छः

दफा २४. योजना बनाई कार्यान्वयन गर्नेः (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना बनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन,

वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैगिंक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ ।

(३) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछः-

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,

(घ) स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैगिंक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने,

(झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने ।

(४) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिम योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्नेछ ।

(५) गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपागंता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नु पर्नेछ ।

(६) गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्नेछ ।

(७) नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्न प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ ।

(८) गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(९) गाउँपालिका तथा नगरपालिकाले सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्नेछ ।

(१०) गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्न सक्नेछ ।

अन्य थप जानकारीका लागि स्रोतहरु

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमुना), २०७५, राष्ट्रिय योजना आयोग
अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
स्थानीय सरकार सञ्चालन ऐन, २०७४
आन्तरिक लेखापरीक्षण कार्यविधि निर्देशिका, २०७३
नेपालको संविधान, २०७२
सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
विभिन्न प्रदेशका विनियोजन ऐनहरू

सुशासन परियोजनाका साझेदार संस्थाहरु

FREEDOM FORUM "A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"	फ्रिडम फोरम, काठमाडौं
YoungInnovations	योङ्ग इन्नोभेसन्स, ललितपुर
Malika Development Organisation	मालिका विकास सङ्घ, अछाम
Rural Development & Research Center	ग्राम विकास तथा अनुसन्धान केन्द्र,कैलाली
(REDC)	ग्रामीण वातावरण विकास केन्द्र, डडेलधुरा
	साहारा नेपाल, बझाङ्ग
SOLVE NEPAL	सल्भ नेपाल, ललितपुर
टुकी संघ सुनकोशी सिन्धुपाल्चोक	टुकी सङ्घ, सुनकोशी, सिन्धुपाल्चोक

फ्रिडम फोरम

थापाथली, काठमाडौं, नेपाल

पोष्ट बक्स: २४२९२

फोन: ४१०२०३०/४१०२०२२

इमेल: info@freedomforum.org.np

www.freedomforum.org.np

टोल फ्रि नं: १६६००१०२०२२